मिति २०७६/१२/११ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ६९/२०७६ का निर्णयहरू:

१. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४९/२४९-२०७६/१२/११ को "कोरोना भाइरसको रोकथाम, जोखिम न्यूनिकरण तथा उपचारका लागि बजेट व्यवस्था गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"नोबेल कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथाम, जोखिम न्यूनिकरण, आवश्यक ठाउँहरुमा प्रि-फ्याब सहितको आइसोलेसन बेड सहितको भवन व्यवस्थापन, उपचार तथा अन्य आपतकालिन व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालय र सो अन्तरगतका प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य कार्यालयहरु र अस्पतालहरुमा आवश्यकता र औचित्यता पुष्टि हुने गरी बजेटको बाँडफाड सहित कानूनबमोजिम खर्च गर्ने अख्तियारीको व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने गरी सो मन्त्रालयलाई आर्थिक मामिला तथा योजना मन्त्रालयले रु. ११,५०,००००० ।- (अक्षरेपी एघार करोड पचास लाख मात्र) बजेट रकम निकासाको व्यवस्था गर्ने।"

२. नोबेल कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथाम, जोखिम न्यूनिकरण, क्वारेन्टाइन तथा अन्य आपतकालिन व्यवस्थापनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले सुदूरपश्चिम प्रदेशभित्रका स्थानीय तहहरुलाई प्रचलित कानूनको अधीनमा रही देहायबमोजिम सशर्त अनुदान उपलब्ध गराउने -

"उपमहानगरपालिकाका लागि- रु. ५००,००० ।-(अक्षरेपी पाँच लाख मात्र)
नगरपालिकाका लागि- रु. ४००,००० ।-(अक्षरेपी चार लाख मात्र)
गाउँपालिकाका लागि- रु. ३००,००० ।-(अक्षरेपी तीन लाख मात्र)"

३. भारतबाट फर्किइ नेपालको सीमामा आइपुगेका तर लक-डाउनको कारण गन्तव्यसम्म पुग्न नसकी अलपत्र परेका नेपाली नागरिकहरुलाई निश्चित अवधिको क्वारेन्टाइनमा बस्ने गरी सम्बन्धित जिल्लाहरुमा पठाउने व्यवस्था मिलाउने सम्बन्धमा आवश्यक निर्णय हुन संघीय सरकारलाई अनुरोध गर्ने ।

४. संघीय सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अत्यावश्यक सेवाहरु यस प्रदेशमा प्रभावकारी रुपमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमनको व्यवस्थापन समन्वयात्मक ढंगले गर्ने गराउने जिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्रालय एवं सामाजिक विकास मन्त्रालयलाई तोक्ने । साथै, तोकिएका अत्यावश्यक सेवाहरुमा अवरोध सृजना हुने गरी क्रियाकलाप गर्ने गराउने उपर संघीय सरकारसँग समन्वय गरी प्रचलित कानून बमोजिम कारवाही गर्ने।

५. नोबेल कोरोना भाइरस (COVID-19) नामक विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुको एक महिनाको पारिश्रमिक रकम कट्टा गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तरगत सञ्चालित "प्रदेश विपद् व्यवस्थापन कोष" मा उपलब्ध गराउने ।

७६/१२/११

नि. प्रमुख सचिव